ISSN: 2594-3154 (Print)

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

# सीताबडामहारानीको परसंस्कृतिग्रहण र प्रभाव

सन्तोषकुमार वैद्य तामाङ, स्वतन्त्र बुद्धिजीवी
Email: hyonjansan@gmail.com
ORCID ID: https://orcid.org/0000-0002-4087-0137

**सारकथन**

राणा शासनको समयमा राष्ट्र र राज्यको प्रमुख राजा भए तापनि राजाहरू आलङ्कारिक अवस्थामा मात्र सीमित रहेको तथ्य विभिन्न ऐतिहासिक दस्तावेज तथा पुस्तकहरूबाट प्रष्ट हुन्छ । उक्त आलङ्कारिक शासन प्रणालीमा पहिलो कानुन मुलुकी ऐन १९१० मार्फत तहगत जातीय ब्यवस्था लागू गरी कुन कुन जाति कुन वर्ग तथा के कस्तो सामाजिक हैसियतमा रहने र उक्त वर्ग र हैसियत अनुसार के कस्ता कार्यहरू गर्ने नगर्ने तथा जातीय वर्ग अनुसार छुट्टा छुट्टै दण्ड सजायको भागिदार रहने कुरा उल्लेख गरेको पाइन्छ । यद्यपि यस लेखमा उक्त कानुनी व्यवस्थामा पनि कथित तल्लो सामाजिक वर्गका जातिहरूमध्ये केहीले के कसरी आफ्नो सामाजिक हैसियत र वर्ग उच्च जाति तथा शासकसरह उभ्याउन सफल रह्यो भन्ने कुरा बहुसत्यताको सिद्धान्तमा रही गुणात्मक विधि अपनाई उजारगर गर्ने प्रयास गरिएको छ । राणाहरूले राज्य शासनको कार्यकरी शक्ति राजाबाट आफ्नो हातमा ल्याउन सफल भएपछि कथित तल्लो जातिका सीमित व्यक्तिहरूले पनि उनीहरूलाई रिझाई आफ्नो सामाजिक हैसियत उच्च वर्गसरह कायम गर्न सफल भएको पाइन्छ । यसैको ज्वलन्त उदाहरण हो सीता बडामहारानी । उनी राणा श्री ३ प्रधानमन्त्री भीमशमशेर राणाकी कान्छी पत्नी थिइन् । उनी तत्कालीन समयमा राज्यको वैधानिक कानुनबाटै मासिन्य मतवाली अर्थात् मार्न मिल्ने वा मास्न मिल्ने तहगत जातीय व्यवस्थाअनुरूप तल्लो वर्गको तामाङ जातिकी थिइन् । तत्कालीन पूर्व ४ नम्बर दिप्रुङ दिहुबाट राणा दरबारमा सुसारेको रूपमा प्रवेश गरेकी उनी अन्ततः सीता बडामहारानी भएकी थिइन् । यसरी राज्यको प्रमुख तहमा उत्पीडित जातिबाट प्रतिनिधित्व हुँदा उक्त समुदायलाई शासकीय व्यवस्थाले गर्ने व्यवहार र हेर्ने चश्मामा कति फरक पर्दो रहेछ र सामाजिक वर्ग र हैसियतमा कस्तो प्रभाव पर्दो रहेछ भन्ने तथ्य यस अध्ययनबाट उजागर भएको छ ।

*मुख्य शब्दहरू* : इतिहास, विभेद, सामाजिक वर्ग, हैसियत, शक्ति र प्रभाव

Article's information: Manuscript received: 2024/12/25, Date of review: 2025/03/15, Date of manuscript acceptance: 2025/04/29 Publisher: Sahayaatra, Nepal, Bhojpur, DOI: https://doi.org/10.3126/sahayaatra.v8i1.80934
Homepage: https://www.nepjol.info/index.php/sahayaatra. Copyright (c) 2025 Sahayaatra Journal.
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

नेपालको राजनैतिक इतिहासमा राणा शासन एक छुट्टै पहिचान बोकेको शासनव्यवस्थाको रूपमा परिचित छ । जËगबहादुर राणाले वि.सं. १९०३ (सन् १८४६) मा कोतपर्वमार्फत् राज्यको शासन शक्ति आफ्नो हातमा लिएपश्चात् सुरु भएको जहानीय राणाशासन व्यवस्था १०४ वर्षसम्म कायम भई प्रधानमन्त्री मोहनशमशेरको पालामा वि.सं. २००७ साल फागुनमा समाप्त भएको थियो । यस समयावधिमा जम्मा १० जना राणाहरूले रोलक्रमको आधारमा नेपालको श्री ३ प्रधानमन्त्री भएर शासन चलाएको तथ्य इतिहासमा पाइन्छ । यिनै राणा प्रधानमन्त्रीहरूमध्ये सातौँ रोलक्रममा श्री ३ भीमशमशेर वि.सं. १९८६ देखि १९८९ सम्म नेपालको प्रधानमन्त्री भएको अभिलेख पाइन्छ (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०७८) । वास्तवमा उनी जËगबहादुरको कान्छा भाइ धीरशमशेरको १७ भाइ छोराहरूमध्ये छैठौँ बरियताको क्रममा रहेका थिए । जिब्रोमै ऐन (काललाई औषधी छैन हुकुमलाई जवाफ छैन भन्ने उक्ति) अर्थात् हुकुमी शासन बोकेर चलाएको शासन व्यवस्थामा जËगबहादुरले नेपालको वैधानिक कानुन वि.सं. १९१० जारी गरेपश्चात् रैतीहरू झन् कडा निगरानीमा रही कानुनले छुट्टयाएको जातीय पेसा तथा सामाजिक हैसियत र मानमर्यादाको आधारमा बस्न बाध्य भएको पाइन्छ । वास्तवमा उक्त मुलुकी ऐन ऋग्वेदको १० औं मण्डलको सूक्त ९० मा विराट् पुरुषबाट उत्पति भएको चार वर्ण व्यवस्था ब्राह्मण

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

अर्थात् ब्रह्मज्ञानी, क्षेत्री अर्थात् पाखुरा शूरवीर, वैश्य र शुद्र (लुइटेल, २०६३ पृ. ९६०) मा आधारित रही हिन्दूतहगत जातीय व्यवस्थामा रूपान्तरण गरी[1] उपाध्याय, रजपुत, जैसी बाहुन, तागाधारी क्षेत्री, नमासिने मतवाली, मासिने मतवाली, युरोपियन, मुसलमान, छोइछिटो हाल्न नपर्ने, छोइछिटो हाल्नुपर्ने तथा पानी नचल्ने जातिमा विभाजित गराई राज्यसञ्चालन गरेको तथ्य पाइन्छ।

राणा प्रधानमन्त्रीहरूले जे चाहन्थे त्यो सम्पन्न गर्थे जहाँ कसैसँग रोकतोक गर्ने अधिकार हुँदैनथ्यो। यसैको परिणाम थियो उनीहरूले क-कसलाई के-के पद दिने भन्ने प्रचलन। यसै प्रचलनबाट प्रधानमन्त्री श्री ३ भीमशमशेर पनि अछुतो रहेको पाइदैन। यस प्रचलनको निरन्तरता बमोजिम उनले आफ्नी कान्छी श्रीमती दिलकुमारी (कुनै कुनै लेखमा दिला/डिला भनेर पनि सम्बोधन गरिएको छ) तामाङलाई सीता बडामहारानी पद दिएका थिए (राज, २०७०, पृ. ३५)। कानुनमा मार्न मिल्ने अर्थात् मासिने समुदायबाट एक सुसारे हुँदै नेपाल राज्यको प्रमुख निकायमा बडामहारानी भएपश्चात् स्वयम् उनी, उनका माइतीखलक तथा तामाङ समुदायमा के कस्ता सामाजिक-सांस्कृतिक, तथा राजनैतिक प्राभाव पर्न गयो भन्ने विषयवस्तुमा प्रस्तुत लेख आधारित रहेको छ।

**अनुसन्धान विधि**

प्रस्तुत लेखका लागि सूचना सामग्री सङ्कलनका प्राथमिक विधिअन्तर्गत मुख्य ६ जना व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ। तीमध्ये २ जना सीता बडामहारानीका माइती खलकलाई नजिकबाट राम्ररी चिनेका र बुझेका व्यक्तिहरू, ३ जना सीता बडामहारानीकै एक माइती खलकअन्तर्गत भदै नातिहरू र १ जना दार्जिलिङ निवासी तामाङ लेखक जानिफकार रहेका छन्। त्यसै गरी द्वितीयक सूचना सङ्कलन विधिअन्तर्गत पत्रपत्रिका, पुरानो अभिलेख, जर्नल, अनलाइन तथा खबरपत्रिकाको सामग्रीहरू सङ्कलन गरिएको छ। प्रस्तुत लेखका लागि यी विधिहरू बहुसत्यता, बहुज्ञान सिद्धान्तअन्तर्गत विधिशास्त्रमा रही व्याख्या, विश्लेषण, समीक्षा तथा त्यसबाट निकालिएको निचोडको आधारमा वर्ग, हैसियत र शक्तिको सिद्धान्तअनुसार के कस्ता मुख्य तथा बहुकारणहरूले तामाङ समाजमा प्रभाव पारेको थियो भन्ने कुरा कार्यकारण सिद्धान्तको आधारमा तुलनात्मक छलफल प्रस्तुत गरी निचोडमा पुगिएको छ।

**सैद्धान्तिक अवधारणा**

नेपाली समाजमा बडामहारानी शब्दले गद्दीनासिन महाराजाधिराजकी पत्नी वा बहालवाला राजाकी पटरानी भनेर बुझाउँछ (अधिकारी र भट्टराई, २०६१)। राजामहाराजा भनेर राष्ट्र र राज्य प्रमुखलाई चिनाए तापनि १९१३ साल श्रावणमा तथा १९१७ सालमा श्री ३ जËगबहादुर तथा उनका सन्तानले राजा सुरेन्द्रबाट पन्जापत्रसहितको हुकुमी शासनको लालमोहर आफ्नो हातमा लिएपछि (पाँडे, २०७६, पृ. २७२) सम्पूर्ण राणा प्रधानमन्त्रीहरूलाई पनि महाराजाको दर्जा प्रदान गरेको पाइन्छ भने उनीहरूका पत्नीहरूलाई बडामहारानी भनेर सम्बोधन गरिएको पाइन्छ। रानी, महारानी आदि दर्जा दिने क्रममा जुन पत्नी औपचारिक रूपमा भित्र्याइएका हुन्थे तिनैलाई उच्च दर्जा बडामहारानी पद प्रदान गर्ने प्रचलन रहेको पाइन्छ। यसरी ती दर्जा प्रदान गर्दा सम्पूर्ण भाइभारदार, मुख्तियारदेखि तल्लो दर्जाको अफिसर तथा प्रशासकहरूलाई दाम चढाई ढोग्न लगाएर चिनाउने प्रचलन रहेको पाइन्छ भने बाँकी अन्य पत्नीहरूलाई महारानी, रानी र नानी दर्जा दिइने चलन रहेको पाइन्छ (बराल, २०७१)। औपचारिक विवाह नगरी ल्याइते, धाई तथा सुसारे पत्नीहरूलाई चाहिँ रानी तथा सबैभन्दा तल्लो दर्जा नानी पद दिइने चलन राणा प्रधानमन्त्रीहरूमा भए तापनि सबैमा त्यो लागू भएको पाइदैन। तिनै प्रधानमन्त्रीहरूमध्ये श्री ३ भीमशमसेर एक हुन्, जसले आफ्नी सुसारे पत्नीलाई बडामहारानीको दर्जा दिएका थिए। प्रमोदशमशेर राणाको अनुसार भीमशमसेरले चौबीस वर्षीय कान्छी पत्नी दिलकुमारीलाई सीता बडामहारानी नामकरण गरी बडामहारानी पद दिएका हुन् (राणा, २०७०, पृ. २३७)। यसै गरी प्रकाश ए. राजले पनि भीमशमसेरले उसको सबैभन्दा कान्छी पत्नी दिलकुमारी

---

[1] मुलुकी ऐन १९१० मा ब्रा֊ह्मण, क्षेत्री, राजपुत, खस, वैश्य, शुद्र पानी चल्ने, पानी नचल्ने जातिहरू प्रष्ट रूपमा परिशिष्ट र धर्माधिकार महलमा उल्लेख गरिएको छ।

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

तामाङलाई सीता बडामहारानी नामकरण गरी श्री ३ बडामहारानी पद दिएका थिए भनी उल्लेख गरेका छन् (राज, २०७०, पृ. ३५) । रुपा जोशीले पनि सीता बडामहारानीको बारेमा चर्चा गरेकी छन् । यिनका अनुसार सीता बडामहारानी निकै सुन्दर भएको कारण श्री ३ भीमशमसेरले औधी मन पराएका थिए । जसका कारण उनले सीतालाई बडामहारानी बनाउने र उनीबाट जन्मिएका छोरीलाई युवराज महेन्द्रसँग विवाह गराउने निर्णय गरेका थिए। उनै जोशीको एक पुस्ता जो तत्कालीन समयमा दरवारनिकट भारदार थिए, उनले विरोध जनाउँदा देशनिकालामा परेको पनि उनले उल्लेख गरेकी छन् । त्यसबखत ढोकाटोलमा आएका सम्पूर्ण राणाजीहरूले दाम चढाई सीता बडामहारानीलाई सलाम गरेका थिए (जोशी, २०७६) । त्यसो त भीमशमसेरकी कान्छी पत्नी सीता बडामहारानी मात्र मासिन्या अर्थात् मार्न मिल्ने मतवाली समुदायभित्रकी थिइनन् । अन्य राणा प्रधानमन्त्रीहरूको पत्नी पनि यस समुदायका रहेका थिए।  यस कुराको पुष्टि जËगबहादुर राणाकी बयालीस जना पत्नीहरूमध्ये एक धाई नानी भोटेनी रहेकोबाट गर्न सकिन्छ (ज.ब.रा., २०७२, पृ.२२७) । उक्त भोटेनी भन्ने सम्बोधनले तत्कालीन समयका तामाङ जाति हुन् भन्ने कुरालाई बुझाउँछ। तत्कालीन समयमा तामाङ जातिका लागि भोटे शब्द प्रयोग गरिने हुँदा ती धाई नानी पनि यसै जातिकी हुन् भन्न सकिने बलियो आधार रहेको छ।

दार्शनिक तथा समाजशास्त्री म्याक्स वेयबरले प्रतिपादन गरेको वर्ग, हैसियत र शक्तिको सिद्धान्तमा रही राणाकालीन समाजलाई विश्लेषण गरेर हेर्दा उक्त सिद्धान्त सान्दर्भिक हुन आउँछ। उक्त सिद्धान्त अनुसार समाजमा आर्थिक आधार, सामाजिक आधार र राजनैतिक आधारले सामाजिक स्तरीकरणमा निकै ठूलो प्रभाव पारेको हुन्छ। उनका अनुसार समान अवस्थामा रहेका व्यक्तिहरूको समूहलाई आर्थिक पक्ष वा सम्पतिको सवलीकरणले स्तरीकरण गरी फरक वर्गमा परिवर्तन गराउँदै लैजान्छ। त्यसै गरी  विभिन्न व्यक्ति वा समूहहरूको हैसियत समाजमा फरक फरक हुने सामाजिक आधार भनेको उनीहरूको जीवनशैली, पेसा र व्यवहार हो र अर्को मुख्य कारण जाति व्यवस्था पनि हो भनी उनले उल्लेख गरेका छन् । जब एकै समूहका व्यक्तिहरू फरक जीवनशैली, पेसा, सम्पति तथा जाति व्यवस्थाका कारण फरक तथा उच्च सामाजिक हैसियत तथा सम्मानित अवस्थामा रूपान्तरण हुँदै जान्छ तब राजनैतिक शक्ति प्राप्त गर्ने आधार पनि बन्दै जान्छ र कानुनी व्यवस्थालाई प्रभाव पार्दै जान्छ। त्यसै गरी  समाजमा जो राजनैतिक रूपमा सशक्त हुन्छ उनैले  शक्तिको प्रयोग गर्ने तागत राख्दछ भने समाजमा उसको हैसियत, सम्मान र प्रतिष्ठा पनि उच्च हुन्छ। वास्तवमा शक्ति प्राप्त गर्ने आधार नै वर्ग वा हैसियत वा दुवै हो। वर्ग, हैसियत र शक्तिबीच एक आपसमा सम्बन्ध हुन्छ। व्यक्ति वा समूहको आर्थिक आधार मजबुत हुँदै जाँदा सामाजिक आधार पनि मजबुत हुँदै जाने र राजनैतिक आधार पनि त्यतिकै मजबुत हुने हुँदा प्राप्त राजनैतिक शक्तिको माध्यमबाटै उक्त शक्तिमा भएका वर्गले सङ्गठित रूपमा समाजमाथि अधिकारको प्रयोग गर्छ भन्ने कुरा उक्त सिद्धान्तमा उल्लेख गरिएको छ (Weber, 1946 p.180-195). राणाकालीन नेपाली समाजको संरचना पनि यसै सिद्धान्तमा उल्लेख भएबमोजिम आफै आफैमा क, ख, ग श्रेणीमा विभाजन भएको देखिन्छ भने आम समुदायलाई पनि तहगत जातीय वर्गमा विभाजन गरी उनीहरूको हैसियत निर्धारण गरेको पाइन्छ।

**नतिजा र विमर्श**

प्रस्तुत अध्ययनबाट प्राप्त सूचनाहरूलाई विश्लेषण गरी राणकालीन समयमा तामाङ समुदायको सामाजिक वर्ग, हैसियत र पेसा, बडामहारानीको थातथलो, जन्म र दरवार पस्नुको कारण र बडामहारानी भएपश्चात् तामाङ समुदायलाई हेर्ने दृष्टिकोण र प्रभावलाई विभिन्न उपशीर्षकहरूमा वर्गीकरण गरी नतिजा, विमर्श र निचोडमा पुगिएको छ।

***राणाकालीन समयमा तामाङ समुदायको सामाजिक वर्ग, हैसियत र पेसा***

मुलुकी ऐन १९१० ले तत्कालीन नेपाली समाजमा बसोबास गर्ने मानिसहरूलाई विभिन्न जातिमा विभाजित गरी तामाङ समुदायलाई मासिन्या मतवाली वर्गमा राखेको छ। मानवशास्त्री डोरबहादुर विष्टका अनुसार तत्कालीन समयमा यस जातिलाई सामान्यतया 'भोटे' भनी अपहेलित शब्दले सम्बोधन गर्ने गरिन्थ्यो । प्रायः यी जाति शहरका गल्लीहरूमा टाउकामा ठुल्ठुला भारी तथा सामानहरू बोकेर हिँड्ने गरेको पाइन्थ्यो (Bista, 2015 p. 57) . यसै कुरालाई वंसिटार्टको लेखलाई उद्धृत गर्दै पर्शुराम तामाङले पनि आफ्नो लेखमा राणाहरूले यस जातिलाई दरबारमा

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

ढोके, छाते, हुक्के, डोले तथा सेनामा पिपा अर्थात् भारी बोक्ने पदका लागि संरक्षण गरेका थिए भने अन्य पेसा गर्न प्रतिबन्ध लगाएका थिए भन्ने कुरा उल्लेख गरेका छन् (Tamang, 1992) तर चन्द्रशमशेरले पहिलो विश्वयुद्ध भएको एकवर्षपछि विभिन्न गाउँ, थुम, गौडा र मौजामा रहेको तालुकदारहरूलाई ठकुरी, घले, सुनुवार, मतवालीखस, क्षेत्री, मगर, रानाभाट, गुरुङ, लिम्बू किराती राई, नगरकोटी, तामाङ तथा शेर्पा नौजवानहरूलाई ब्रिटिस गोर्खा पल्टनमा रिकुट गरी पठाउन सके इनाम दिने उल्लेख गरेको इस्तिहारको सनदबाट चाहिँ यस जातिलाई पनि राणाहरूले आवश्यक्ता परेको बेला बेलायती सेनामा पनि लगाउने गरेको तथ्य पाइन्छ (इङ्नाम, २०७७ पृ ८४८)। यस तथ्यबाट राज्यको आधिकारिक सम्बोधनमा भने तामाङ नै भनी उल्लेख गर्ने गरिएको पाइन्छ। यद्यपि भीमशमसेरले वि. सं. १९८९ मा इस्तिहार नै जारी गरेर यस समुदायलाई अब उप्रान्त तामाङ भनी सम्बोधन गर्ने भन्ने उल्लेख गरेको देखिन्छ। यस समुदायमा भएको तामाङ च्युङनीला ठीम थेन ताम्‌छ्योइ (तामाङ संस्कार, संस्कृति र न्याय प्रणाली) जस्ता प्रथाजन्य संस्थाअन्तर्गत (तमाङ, २०६९, पृ.४) पनि यस समुदायका मानिसले आफूलाई तामाङ भन्नमा नै गर्व गर्दथे।

यसरी कहीँ कतै तामाङ शब्द उल्लेख भए तापनि इस्तिहार जारी पूर्व यस समुदायका मानिसलाई मुर्मी, भोटे, लामाभोटे आदि अपहेलित शब्दले अधिक रूपमा संबोधन गर्ने गरिएको थियो। यीबाहेक शासकले गर्ने शोषण र उनीहरूलाई हेर्ने दृष्टिकोण तथा जबर्जस्ती लगाइने काम (कमरा कमारी, भरिया, पीपा अर्थात् दास सरह) का आधारमा पनि यी जातिलाई पेसागत रूपमा पनि अपहेलित गरेको स्पष्ट हुन्छ। दास सरहको अवस्थालाई झारा प्रथाले (विना ज्याला निःशुल्क शासक, राज्य, प्रशासक तथा जमिनदारको काम गरिदनुपर्ने व्यवस्था) पुष्टि गर्दछ। झारा प्रथाको बारेमा मुलुकी ऐन १९१० को 'झारा षेताला' महलले राजकाजका झाराबाहेक कुनै पनि जागिरदार, ठेकदार, मुखिया, पूर्वपश्चिम जाने जनरल कर्णेल, चौतारिया, काजी भारदार आदिले बिनाज्याला र मन्जुरी नभई वेगारी झारा रैतीलाई नलगाउन भनिए तापनि (नेपाल कानुन आयोग, २०७८ पृ. ८७) हुकुमी शासनको जगजगीकै कारण यस जातिमाथि भने उक्त प्रथा राणाहरूको शासनकालभरि नै थोपारिरहेको तथ्य पाइन्छ। यसको प्रमुख कारण भनेको राणाहरूको जिब्रोमै ऐन हुनु हो। यसो भएको हुँदा तत्कालीन समयमा रैतीहरू थर्कमान भएर जीउन बाध्य भएको तथ्य पाइन्छ। यसरी ऐतिहासिक संरचनागत पेसाको हिसाबले आर्थिक पक्षबाट पछि पर्नु परेको कारण समाजमा तामाङ जातिको हैसियत न्यून रहेको थियो भने त्यसैको प्रभावस्वरूप वर्तमान अवस्थामा पनि यस जातिको अवस्था खासै राम्रो पाइदैन।

***बडामहारानीको थातथलो, जन्म र दरवार पस्नुको कारण***

सीता बडामहारानीको जन्म पूर्व ४ नम्बर दिप्रुङ हालको खोटाङ जिल्लाको दिप्रुङ चुइचुम्मा गाउँपालिका वडा नं. ६ दिहुमा भएको थियो। रमेश ढुंगेलले हिमाल खबरपत्रिकामा 'भेटिएन ताम्सालिङ' नामक लेखमा भोजपुर सिम्पाने भनी उल्लेख गरेका (ढुंगेल, २०६९) र प्रकाश ए. राजले 'महाराज भीमशमसेरको जीवनी' पुस्तकमा खोटाङ दिक्तेल (राज, २०७० पृ. ३५) भनी उल्लेख गरेका भए पनि यी दुवैले दिएको ठाउँ ठेगाना मिलेको पाइदैन। ढुंगेलले उल्लेख गरेको जिल्ला सीता महारानी जन्मदाको समयमा पूर्व ४ नम्बर तत्कालीन भोजपुर भए तापनि उनान्सत्तरी वर्षे र बयासी वर्षे उनका भदैहरूका अनुसार उनले उल्लेख गरेको सिम्पाने ठाउँ नभई तत्कालीन दिप्लुङ थुम दिहु र साविक सतेश्वर छितापोखरी गाउँ विकास समिति वडा नं. १ दिप्रुङ दिहु हो। २०१९ सालको नेपालको संविधान तेस्रो संशोधन २०३२ सालपश्चात् साप्सुखोला पूर्वको नौ थुमसहित उक्त क्षेत्र खोटाङ जिल्लामा गाभिएर हालको खोटाङ जिल्ला भएको हो (जि.स.स., २०७८)। यद्यपि धेरै लेखकहरूले अझै पनि उही सिम्पानेलाई उद्धृत गरिरहेको पाइन्छ। सीता बडामहारानीको पुर्खा भने सिन्धु थुम हैबुङ हालको मेलम्ची नगरपालिका वडा नं. ३ हैबुङ सिन्धुपाल्चोक जिल्लाबाट उक्त स्थानमा स्थानान्तरण भई गएको पाइन्छ। उक्त स्थानमा दुई पुर्खा कुल ब्लोन र राज ब्लोन (स्थानीय क्षेत्रमा बोलाइने कुले र राजे) थिए तीमध्ये सीता बडामहारानी कुल ब्लोनको सन्तान थिए।

आफ्नो थातथलो छाडी अन्य ठाउँमा गएर बसोबास गरे तापनि यस समुदायको कतिपय परिवारको सदस्य शासकको भाइभारदार तथा प्रशासकको आँखाबाट ओझेल पर्न भने सकेको पाइदैन। यसैको उदाहरण थिए दिलकुमारी ब्लोन परिवार। दिलकुमारी ब्लोनलगायत त्यस भेगका मानिसहरू धामको दर्शन तथा उपभोग्य सामान

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

किन्न र घरेलु उत्पादनसँग साट्न पुष महिनाको बेला कोशीधाम मेला (हालको सम्पतकोशी नगरपालिका सप्तरी) सप्तकोशी नदीको किनारमा वर्षमा एक पटक लाग्ने १ महिने मेलामा (हाल १ दिन मात्र लाग्ने गरेको पाइन्छ) जान्थे । त्यहीबखत खोटाङ बजारमा रहेको प्रशासकको आँखामा उनी परेकी थिइन् । वास्तवमा त्यस बखत राणा दरबारको चाकरी र चुक्ली लगाउने कलामा पारङ्गत नभए पदोन्नति नहुने हुँदा जोकोही भारदार तथा प्रशासक यस कलामा आफूसे आफ निपुण हुनुपर्ने नितान्त आवश्यक रहेको कुरा भीमबहादुर पाँडे (२०७६ पृ. २९९) ले उल्लेख गरेका छन् । पदोन्नति हुने गतिलो उदाहरणलाई पुर्णिमा अङ्क ८९ मा जËबहादुरले राम्री केटी खोजी ल्याउन सुवेदार मन्नुसिंहलाई लेखेको अप्रकाशित पत्रलाई लिन सकिन्छ । उक्त पत्र सं १९०४ बैषाख सुदि ७ रोज ४ मा लेखिएको र पत्रमा स्पष्ट रूपमा राम्री केटी खोजी ल्याए लागेको खर्च तथा दर्जा बढाइ दिउला भनी उल्लेख गरिएको पाइन्छ ( पन्त, २०५३) ।

तत्कालीन समयमा प्रशासनको सबैभन्दा तल्लो तहको अवैतानिक थुम र मौजामा रहेका मुखिया जो जिल्लास्थित बडाहाकिमको मुख, कान र आँखाको रूपमा रहन्थे भने उसको अर्दली जस्तै भएर काम गर्ने कटुवालको हाँक र रवाफले नै गाउँघरका रैतीहरू थर्कमान हुन्थे (पाँडे, २०७६ पृ. ९०) । त्यस्तो प्रशासन भएको बेला बेतनवाला प्रशासकको आदेशको त कुरा गरेर साध्यै नै हुँदैन थियो किनकी उसलाई हर्ने (सर्वस्व हरण गर्ने) र भर्ने (हर्जना भराउने) अधिकार नभए तापनि लात र बात दुवै चलाउने हकको छुट थियो (पाँडे, २०७६ पृ. ८२) । यिनै कारणहरूले गर्दा दिलकुमारी ब्लोनलाई १६-१७ वर्षको उमेरमा उक्त प्रशासकको आदेशबमोजिम उनका बुबा कुल ब्लोनले राणा दरबारमा बुझाएका थिए । त्यसबेला उनी भीमशमशेरकी ब्याइते श्रीमतीको सुसारेको रूपमा नियुक्ति भएकी थिइन् । पछि भीमशमशेर श्री ३ प्रधानमन्त्री भएपछि २४ वर्षको उमेरमा बडामहारानी बन्न पुगेकी थिइन् (राणा, २०७० पृ. २३७) ।

***बडामहारानी भएपश्चात् तामाङ समुदायलाई हेर्ने दृष्टिकोण र प्रभाव***

मार्क्सको समाज विकासको सिद्धान्तअनुसार राणाकालीन समयलाई सामन्ती युग भन्न यस तामाङ समुदायको सामाजिक हैसियत, उनीहरूलाई गर्न लगाइएका पेसा र अङ्ग्रेज सेनामा समेत भर्ती हुन नपाउने कार्यले पुष्ट्याइँ गर्छ । अङ्ग्रेज सेनामा भर्ती हुन नपाउने उदाहरणको रूपमा नुवाकोट जिल्ला गोर्स्याङ निवासी धनबहादुर मम्बा तामाङको भनाइलाई लिन सकिन्छ । उनका अनुसार आफ्नो नामको पछाडि तामाङ थर भएको कारण काका र बुबाले अङ्ग्रेज सेनामा भर्ती हुन नपाएपछि थर परिवर्तन गरेर गुरुङ भई भर्ती भएकोले आफ्नो थर पनि नागरिकतामा गुरुङ नै रहेको हो (तामाङ, २०७५) । त्यसै गरी लेखक प्रताप बलकाअनुसार जंगवीर तामाङले दार्जिलिङको दिपुमा ब्रिटिस इष्ट्रन फ्रन्टियर्समा भर्ती हुन जाँदा तामाङ भएको कारण भर्ती नलिएपछि पुनः दोस्रो वर्ष लामा लेखाई उक्त फ्रन्टियर्समा (पछि आसाम राइफल भनी चिनिएको सेनाको एक टुकडी/समूह) भर्ती भएका थिए । यसरी तामाङ जाति लेख्दा भोगेका विभेदकै कारणहरूले गर्दा तथा सबैतिर आफ्नो थातथलोमा समेत शोषण, अन्याय, अपमानित तथा प्रताडित हुनु परेको पीडालाई खप्न नसकी सर्दार बहादुर जंगवीर तामाङले (अर्नाचल क्षेत्रमा तिब्बतसँगको युद्धमा शत्रुसेनाको प्रमुखलाई कब्जामा लिए बापत् अंग्रेजबाट पाएको पद सर्दार बहादुर र पदक अर्डर अफ द ब्रिटिस इम्पाएर डी. एस्. यम्.यम. सी.) आफ्नै समुदायकी छोरीचेली श्री ३ प्रधानमन्त्रीको बडामहारानी भएको खबर पाएपछि त्यही मौका पारी अबदेखि उप्रान्त बाह्र तामाङ जातिलाई तामाङ भन्न र लेख्न पाउँ भनी सामाजिक हैसियत कायम राख्न निवेदन दिए । उक्त निवेदनलाई प्रधानमन्त्री भीमशमसेरले तत्काल स्वीकृत गरे । उक्त निवेदनको आधारमा वि.सं. १९८९ मा इस्तिाहार जारी गरी अब उप्रान्त तामाङ जातिलाई भोटे, लामाभोटे आदि नभनी गोर्खाराज्यभर निजामती सरकारी अड्डाखाना पल्टनको कागजमा जात लेख्दा लेखाउँदा तामाङ भनी लेख्ने बोलाउने गर्नु भनी इस्तिहार जारी गरेको पाइन्छ (गोरखापत्र, १९८९) । यद्यपि उक्त इस्तिाहरको संवत्, महिना र दिन विक्रमीय संवत् १९८९ भाद्र ६ गते भनी विभिन्न पुस्तकहरूमा छापिएर आएको पाइए पनि उक्त छायाकपी गलत रहेको देखिन्छ । तत्कालीन समयमा नेपाल सरकारबाट साप्ताहिक रूपमा प्रकाशन हुने साप्ताहिक समाचारपत्र हिजोसम्मको खबर 'गोरखापत्र' नामक पत्रिकामा यस इस्तिहारको पूर्णपाठ विक्रमीय संवत् १९८९ श्रावण ११ गते सोमबार प्रकाशन भएको खबरमा प्रस्ट लेखिएबाट यो कुराको पुष्टि हुन आउँछ । यस इस्तिहारको पूर्णपाठ एण्ड्रेस

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

होफरले उनको पुस्तकमा पनि त्यही गोरखापत्रको खबरलाई आधार मानी प्रस्तुत गरेका छन् (Hofer, 2012 p. 126) । यस्तो किसिमको निवेदन साधारण व्यक्तिले दिँदैमा तत्कालीन समयमा त्यसरी सजिलै इस्तिहार जारी भइहाल्ने सम्भावना निकै कम थियो भन्ने कुरा लेखकद्वय[२] मोक्तान भाइ र प्रताप बलले बताएका छन् । हुन त जंगवीर तामाङ उता अङ्ग्रेजबाट सम्मानित बहादुरीप्राप्त व्यक्ति हुनु र तिनै अङ्ग्रेजसँग राणाहरूले कुटनैतिक सम्बन्ध निकै बलियो बनाइ बसेका कारणले पनि उक्त इस्तिहार लिन सहज भएको कुरा पनि उल्लेख गरिएको पाइन्छ । यसै इस्तिहारको आधारमा जंगवीर तामाङले तत्कालीन अंग्रेज सेनामा जति पनि अन्य जात थर लेखाई भर्ती भएका तामाङहरू तिनीहरूलाई पुनः तामाङ भनी थर सच्याउन सफल भएको कुरा जानिफकार बलले बताएका छन् । यसरी राज्यबाट नै यस जातिलाई कानुनमै अपमानित र अपहेलित शब्दको अधिक प्रयोग गर्न थालेसँगै उक्त तामाङ जातीय पहिचानको जरो नै उक्किएर जाने प्रवल सम्भावना भएको हुँदा उक्त जारी इस्तिहारमार्फत् प्राप्त उपलब्धीले यस समुदायलाई निकै ठूलो सामाजिक हैसियत प्राप्त भएको बुझिन्छ । यदि यसो नभइदिएको थियो भने यस जातिले आज पाइरहेको आधिकारिक तामाङ शब्द आफ्नो जातीय पहिचानको रूपमा लेख्न लेखाउन सक्थ्यो कि सक्दैनथ्यो भन्ने कुरामा निश्चित हुन सक्ने अवस्था देखिँदैन ।

सीता महारानीको ८२ वर्षे माइती (सीता महारानीको एक माइती जरसिंह ब्लोनको नाति) का अनुसार उनले बडामहारानीलाई कान कम सुन्ने अवस्थामा उनकै निवास भगवतीबहालमा भेटेका थिए । उक्त भेटमा भएको कुराकानी अनुसार–

> “दरबारमा आफू सुसारे हुँदा सुसारेहरूलाई गर्ने व्यवहार, आफूले भोगेको पीडा र आफ्नो समुदायलाई गर्ने व्यवहारको तीतो यथार्थको कारण बडामहारानीद्वारा आफ्ना माइतीहरू सबैलाई क्षेत्री बनाउन श्री ३ प्रधानमन्त्री सामु ‘कि जनै पाऊँ कि त रोशी खोला पैसाले थुनी पाऊँ’ भनीबिन्ती चढाइएको थियो ।”

यसै अवसरको सदुपयोग गर्दै एकभाइ माइती खलकले ३ डोरे जनै लगाई टंगाल, डिल्लीबजार र बागबजार आसपासको क्षेत्रमा पाँडे भई बसे । ‘मुलुकी ऐन १९१० को जनै दिन्याको महल १’ ले पनि स्पष्ट रूपमा सरकारको हुकुमबाहेक अन्य कसैले पनि जनै कसैलाई दिन नपाइने र दिएमा दण्ड जरिवानाको प्रावधान दिएको पाइन्छ (नेपाल कानुन आयोग, २०७८ पृ. २९६) । यस तथ्यले नेपाली समाजमा जाति प्रथा कसरी निर्माण हुँदै आएको थियो भन्ने गतिलो उदाहरण ‘जात दिने राजा भात दिने भाइ’ भन्ने उक्तिबाट पुष्टि हुन्छ । यद्यपि सबै नेपाली जाति यसरी नै निर्माण भएको हो चाँहि भन्न सकिन्न । सायद जातीय तहगत प्रथा नभई देशमा चरम शोषण, अन्याय, सामन्ती तथा छुवाछुत प्रथा नभैदिएको हुँदो हो त आफ्नो माइती खलकको लागि बडामहारानीले महाराजासामु जात परिवर्तन गर्ने बिन्ती कदापि गर्ने थिइनन् होला । बडामहारानीले बिन्ती गरेकै कारण आज ती परिवर्तित पाँडे थरीका तामाङहरू उच्च जातीय तहगत वर्ग र सामाजिक हैसियतमा रहन सफल भएका हुन् ।

> उनै ८२ वर्षे माइतीका अनुसार थर परिवर्तन नभएका सहोदर दाजुभाइ ब्लोनले ३ डोरे जनै धारण गरेर पाँडे क्षेत्री भएका ब्लोन दाजुभाइलाई ब्लोनडोरे पाँडे भन्ने गरेका थिए र ब्लोनडोरे भन्दाभन्दै अपभ्रंश भएर पछिल्लो समयमा बाल्दारे पाँडे भनिन थालिएको हो ।

आज पनि खोटाङ तथा भोजपुरमा भएका सीता बडामहारानीका अन्य माइती खलक तथा उनका परिवारलाई नजिकबाट चिन्ने अन्य व्यक्ति तथा परिवारहरूले उक्त थर परिवर्तित पाँडेहरूलाई बाल्दारे पाँडेको सन्तान भनेर सम्बोधन गर्ने गरेको पाइन्छ । यसबाट के प्रष्ट हुन्छ भने तत्कालीन नेपाली समाजमा उही तल्लो जाति भनिने माानिस उच्च जातिमा रूपान्तरण हुनासाथ आर्थिक तथा राजनैतिक पहुँचमा वृद्धि भई सामाजिक हैसियत, तह,

---

[२] मोक्तान भाइ तामाङ जातिको बारेमा कलम चलाउने मध्ये एक पुरानो लेखक तथा साहित्यकार हुन् । जो तामाङ जातिको पहिलो हस्तलिखित पत्रिका २०१६ सालमा भोजपुरबाट प्रकाशित म्हेन्दों ’को सम्पादक हुन् । त्यसैगरी दार्जिलिङ निवासी प्रताप बल जो तामाङ भाषा, साहित्य र संस्कृतिको बारेमा कलम चलाउने पुरानो लेखक हुन् । उनले जङ्गबीर तामाङ देहावसान भएको आसाम सदियामा गई सबैभन्दा पहिले उनको नातेदारसँग अन्तर्वार्ता गरि जङ्गबीरको बारेमा तस्विर सहित केही कुरा प्रस्तुत गरेका थिए ।

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

प्रतिष्ठा र शक्तिसमेत अझ उच्च हुँदै जादा उपल्ला जातिका भनिएकाहरूले पनि उनीहरूलाई समदृष्टिमा राखेर व्यवहार गर्ने गरी परिवर्तन आएको देखिन्छ।

**छलफल तथा निष्कर्ष**

तत्कालीन समयमा तहगत जातीय प्रथाले जरा गाडेको समाजमा तामाङ जातिलाई मास्न मिल्ने प्रष्ट कानुनी प्रावधान नै भएको हुँदा तामाङहरू आम समुदायबाट सामाजिक रूपमा पनि हेपिएर अपहेलित रूपमा बस्न बाध्य भएको पाइन्छ। सामाजिक हैसियतमा तल्लो वर्गमा पारिएकै कारण आर्थिक सरोकारको पद, प्रतिष्ठा र पेसाबाट पनि तिनलाई बन्चित गराई अझ निम्न तहमा राखिएको स्पष्ट हुन्छ। आर्थिक रूपमा पनि निम्न र सामाजिक हैसियत पनि निम्न वर्गमा रहेको हुँदा यस वर्गको सामाजिक स्थिति दयनीय रहेको पाइन्छ।

होफरले पनि यस जातिलाई तत्कालीन मुलुकी ऐन १९१० ले शुद्रभन्दा माथि र वैश्यअन्तर्गत अन्तिम मासिन्या मतवाली वर्गमा राखेको कुरा स्पष्ट उल्लेख गरिएका छन् (Hofer, 2012 p. 9)। त्यसै गरी 'द पिपुल अफ नेपाल' पुस्तकमा पनि यस जातिलाई आर्थिक रूपमा निम्न आय स्रोतको पेसा गर्ने तथा सामाजिक रूपमा सबैबाट अपहेलित शब्दबाट सम्बोधन गर्ने कुरा उल्लेख गरेका छन् (Bista, 2015 p. 57) . कार्यकारण सिद्धान्तअनुसार कानुनी विभेद नै यसको मुख्य कारण रहेको र सरह मजाका अनुसार घटनाको प्रकृति अनुरूप बहुकारणहरू पनि उतिकै जिम्मेवार रहेको पाइन्छ (Maza, 2017)। सरह मजाले विभिन्न ऐतिहासिक दार्शनिक तथा इतिहासकारहरूको मतको आधारमा उल्लेख गरेअनुसार जस्तै त्यस कानुनका आधारमा अन्य वर्ग वा समुदायले गर्ने व्यवहार, अपहेलित शब्दले गर्ने सम्बोधन, अधिक सामाजिक-आर्थिक तथा राजनैतिक शोषण, विभेद र अन्याय आदिले गर्दा तामाङ भनी समान समाजिक हैसियत प्राप्त गर्न खोजेको प्रष्ट हुन्छ। उनको बहुकारणहरूमध्ये एक स्वयम् निवेदक जङ्गवीर तामाङले पनि आफू तामाङ भनी परिचित हुँदा अंग्रेज सेनामा भर्ती हुन नपाएर विभेद भोग्नुपरेको कारण आफ्नो वास्तविक सामाजिक हैसियत कायम राख्न दिएको निवेदनको बाबजुद तामाङ भनी आधिकारिक रूपमा लेख्न लेखाउन पाएको अवस्थालाई यस समुदायले प्राप्त गरेको महत्त्वपूर्ण उपलब्धीको रूपमा लिन सकिन्छ।

यसरी कथित तल्लो वर्ग र जाति भनिएका भोटे, लामाभोटे जातिभित्रका एकै परिवारको केही सदस्य वा समुहलाई जब शासकबाटै सामाजिक हैसियतमा केही पहल कदमी स्वरूप अन्य उच्च समान हैसियततिर पुग्ने अवसर प्रदान गर्छ, वेयबरले भने झैं त्यस सदस्य वा समूहको आर्थिक अवसरहरूमा केही पहुँच बढ्दै जाँदा आर्थिक स्तरीकरणमा समेत वृद्धि भएको पाइन्छ। आर्थिक स्तरीकरणमा वृद्धि हुँदै जाँदा एकै वर्ग, हैसियत र जातका दाजुभाइ फरक तथा उच्च सामाजिक वर्ग र हैसियतमा परिवर्तन हुँदै गर्दा समाजमा शक्ति आर्जन गर्ने आधार तय हुँदै गएको पाइन्छ। वास्तवमा राज्यबाटै सामाजिक वर्ग र हैसियत निर्धारण गरिदिँदा आर्थिक अवसरको प्रतिफल स्वरूप कथित तल्लो भनिएका सामाजिक वर्ग र हैसियतका जाति उपल्लो वर्गतिर रूपान्तरण भई शक्ति प्राप्त गरेको तथ्य पाइन्छ। यसरी सामाजिक हैसियत र शक्ति प्राप्त गर्नसाथ राज्य र समाजले पनि हेर्ने र गर्ने व्यवहारमा फरक रहेको पाइन्छ। फलस्वरूप उनीहरू आफ्नो वास्तविक पहिचान लुकाएर अन्य बन्ने सम्भावना पनि उतिकै छ। जो पहिचानका लागि प्रत्युत्पादक पनि छ। जब दीलकुमारी ब्लोन मास्न मिल्ने वर्ग र तल्लो सामाजिक हैसियत भएको मासिन्या जातिबाट बडामहारानी बन्ने मौका पाइन् तब यस जातिको केही परिवार तथा सदस्यहरूको आर्थिक अवसरहरूमा मात्र पहुँच नभई यस जातिको सामाजिक हैसियतमा समेत परिवर्तन हुन गएको देखिन्छ। त्यसै गरी यस समुदायको आम मानिसलाई समाजमै अपहेलित शब्दबाट बोलाइने, भन्ने र लेख्ने कार्यमै प्रतिबन्ध लगाइएपछि उक्त समुदायलाई तामाङ नै भन्नुपर्ने र लेख्नुपर्ने भन्ने इस्तिहार नै आज हुनुले के अर्थ राख्छ भने तामाङ लेख्न लेखाउन पाउने हैसियत मात्र हैन केही शक्ति आर्जन गर्नु र सामाजिक मर्यादा कायम गर्नु पनि हो र यस कार्यका लागि बडामहारानीको भूमिका पनि केही रहेको हुनसक्ने सम्भावना भएकाले उनको योगदानलाई नजरअन्दाज गर्न नहुने पनि त्यतिकै देखिन्छ। यद्यपि श्री ३ भीमबाट जारी गरिएको इस्तिहारमा तामाङ लेख्न लेखाउन र बोलाउन भनी सीता बडामहारानीको भूमिका कहींकतै उल्लेख भएको पाइदैन। त्यसै गरी उक्त इस्तिहार जारी गराउने भूमिका बडामहारानीकै हो भनी अन्य प्रमाण पनि प्राप्त गर्न सकिएको छैन। तथापि उनी श्री ३ भीमशमशेर प्रधानमन्त्रीको

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

बडामहारानी हुँदा मात्र उक्त इस्तिहार जारी हुनुमा उनको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव थिएन भन्न सक्ने अवस्था पनि पक्कै रहन्न । त्यसकारण ती सम्भावनाको लागि थप अध्ययन गर्न र प्रमाणहरू जुटाउन पुनः गहन अध्ययन अनुसन्धानको आवश्यकता देखिन्छ। जुन कार्यको लागि यस अध्ययनले ती परसंस्कृतिग्रहण बडामहारानीका माइती खलक जानिफकारहरूसँग गहन अन्तर्क्रिया तथा अन्तरवार्ता गर्न र यससँग सम्बन्धित अभिलेखहरू सम्बन्धित सरकारी कार्यलयबाट प्राप्त गर्न असफल रह्यो यो यस अध्ययनका क्रममा आइपरेका सीमाहरू हुन् ।

यसरी यस समुदायको एक छोरी राज्यसत्ताको प्रमुख व्यक्तिको सुसारे हुँदै बडामहारानीसम्म भएपश्चात् इतिहासले कोल्टो फेरेको पाइन्छ । वेयबरले भनेझैं जब जङ्गबीरले दिएको निवेदनबमोजिम जारी गरिएको इस्तिहारबाट भोटे, लामाभोटे आदि नभनी तामाङ भनी निजामती, जङ्गीअड्डा र सरकारी पल्टनको कागजमा लेख्न लेखाउन र बोलाउने गरी जुन सामाजिक वर्ग र हैसियत प्रदान गरियो तब त्यसले अन्ततः यस जातिलाई हेर्ने र गर्ने व्यवहारमा राज्य र आम समुदायमै परिवर्तन हुँदै आएको तथ्य पाइन्छ । जुन कुरा तत्कालीन समयमा धादिङको ताम्दुङ्सा क्षेत्रका वयस्क तामाङ्हरूको एक सरकारी कर्मचारीले सरकारी कागजको लागि औँठा छाप लिने क्रममा अबदेखि लामा, भोटे, नभनी तामाङ लेख्न लेखाउन भनी भनेको कुराले पनि थप पुष्टि गरेको पाइन्छ (Holmberg, 2005 p. 17)।

निचोडमा यो भन्न सकिन्छ कि तत्कालीन समयमा राज्यले नै यहाँका मानिसलाई कानुनी तहगत जातीय समाजमा विभाजन गराई तोकिएको जातजातिले के काम गर्ने के काम नगर्ने र यदि नगरेको खण्डमा जातिअनुसार एउटै अपराधमा फरक फरक दण्ड सजाय हुने भनिरहँदा शासकले चाहेको खण्डमा चाहिँ कुनै जातिविषेशका व्यक्तिलाई जात परिवर्तन गराई उच्च सामाजिक हैसियत प्रदान गर्न सक्ने स्थिति देखिन्छ। जसलाई जातीय पहिचान निर्माणमा कन्स्ट्रक्टिभिस्ट सिद्धान्त भनिन्छ। यसकारण अपरिवर्तनशील जातिवादी नेपाली समाजमा केही हदसम्म जाति निर्माणमा धर्म, पेसा, ठाउँ तथा वेदले भनिरहँदा शासकको राजनैतिक शक्तिको हावीअनुसार जात, सामाजिक वर्ग र हैसियतमा रूपान्तरण हुँदोरहेछ भन्ने स्पष्ट आधार रहेको देखिन्छ। अब उप्रान्त नेपालमा पछाडि परेका वा पारिएका भनिएकाहरूलाई पनि राज्यको मूलधारमा अगाडि ल्याउने हो भने यो सीता महारानीसँग सम्बन्धित सम्कथा उदाहरणीय हुन सक्छ।

## सन्दर्भसामग्री सूची

Bista, D. B. (2015). *People of Nepal* (2nd ed.). Ratna Pustak Bhandar. (Original work published 1967)

Hofer, A. (2012). *The Caste Hierarchy and the State in Nepal: A study of the Muliki Ain of 1854* (2nd ed.). Himal Books, Himal Kitab Pvt. Ltd. (Original work published 1979)

Holmberg, D. H. (2005). *Order in Paradox Myths, Ritual and Exchange among Nepal's Tamang* (2nd ed.). Motilal Banarasidass Publication Pvt. Ltd. (Original work published 1989)

Maza, S. (2017). Thinking About History. The University of Chicago Press.

Tamang, P. (1992, May 1). Tamangs under the shadow. *Himalmagzine*. https://www.himalmag.com/tamangs-under-the-shadow/

Weber, M., Gerth, H., & Mills, C. W. 1. (1958). *From Max Weber: essays in sociology*. Oxford University Press

अधिकारी, हेमाËराज र भट्टराई, बद्रीविशाल (२०६१). *प्रयोगात्मक नेपाली शब्दकोश.* विद्यार्थी प्रकाशन प्रा. लि. ।

इङ्नाम भगिराज (२०७७). *लिम्बुवानको ऐतिहासिक दस्तावेज सङ्ग्रह.* अतित इङ्नाम/शान्तकला मुदेनसङ् सावाँ ।

गोरखापत्र. (१९८९ श्रावण ११). नञा इस्तिहार. *गोरखापत्र*, पृ. १–२. https://www.merokalam.com/preeti-to-unicode-converter/

*ISSN: 2594-3154 (Print)*

**SAHAYAATRA (सहयात्रा), Vol. 8 (1), वर्ष ८ (१), May, 2025**

ज.ब.रा., पुरुषोत्तमशम्सेर (२०७२). *श्री ३ हरूको तथ्य वृतान्त भाग एक* (पाँचौ संस्करण). विद्यार्थी पुस्तक भण्डार।

जि.स.स. (२०७८, असोज २५). *संक्षिप्त परिचय.* जिल्ला समन्वय समिति खोटाङ. ttps://dcckhotang.gov.np/ne-brief-introduction/

जोशी, रुपा (२०७६, फागुन, १५). जुद्धशमशेर ज्यादतीका ती दिन. *हिमालखबर.* https://www.himalkhabar.com/news/111903

ढुंगेल, रमेश (२०६९, मंसिर १६-३०). भेटिएन ताम्सालिङ. *हिमाल खबरपत्रिका.* http://nepalihimal.com/article/itihas/%E0%A4%AD%E0%A5%87%E0%A4%9F%E0%A4%BF%E0%A4%8F%E0%A4%A8,378

तामाङ, अजितमान (२०६९). *तामाङ जातिको चिनारी.* आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपल तामाङ घेदुङ।

तामाङ, सन्तोषकुमार वैद्य (२०७५). *थर प्रथाको प्रचलन (तामाङ, गरुङ, थकाली, मगर, राई र लिम्बु).* तामाङ न्हाङखोर।

नेपाल कानुन आयोग. (२०७८, मंसिर २६). *मुलुकी ऐन १९१० : पुराना कानुन संग्रह संविधानहरू.* नेपाल कानुन आयोग। https://www.lawcommission.gov.np

पन्त, दिनेषराज (२०५३). जङ्गबहादुरले राम्री केटी खोजी ल्याउन सुवेदार मन्नुसिंहलाई लेखेको अप्रकासित पत्र. *पुर्णिमा पूर्णङ्क* ८९, ५१।

पाँडे, भीमबहादुर (२०७६). *त्यस बखतको नेपाल भाग एक.* फिनिक्स बुक्स।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय. (२०७८, असोज ३). *नेपालका पूर्व प्रधानमन्त्रीहरू* । बराल, सीताराम (२०७१, वैशाख २३). इतिहास बुझाउने स्मारक. *नेपाल म्यागिजन*= https://nepalmag.com.np/contemporary/2014/05/06/6872

राज, प्रकाश ए (२०७०). *महाराज भीमशम्शेरको जीवनी.* नवीन पब्लिकेशनस।

राणा, प्रमोदशमशेर (२०७०). *राणाशासनको वृतान्त* (तेस्रो संस्करण). पैरवी बुक हाउस।

लुइटेल, तिलकप्रसाद (२०६३). *ऋग्वेद संहिता* (नेपाली अनुवाद). विद्यार्थी पुस्तक भण्डार।